धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५५ ◆ २०८३ भदौ २६ शुक्रबार ◆ Friday, September 11, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## निवर्तमान मन्त्रीसँग छलफल गरेर अघि बढ्छुः नवनियुक्त उद्योगमन्त्री साह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले खाना पकाउने एलपी ग्यासको बिक्री वितरणमा देखिएको समस्या समाधानमा आफू गम्भीर भएर लाग्ने बताउनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा बिहीबार पद तथा गोपनियताको शपथलगत्तै सिंहदरबार स्थित मन्त्रालयमा पदभार ग्रहण गर्ने क्रममा उहाँले पत्रकारसँग भन्नुभयो, "जनतालाई जति ग्यास आवश्यक छ, त्यति दिनैपर्छ, छलफल गरेर आवश्यक कदम चाल्नेछौं ।" निवर्तमान उद्योगमन्त्री गौरीकुमारीसँग छलफल गरेर आफू अघि बढ्ने उल्लेख गर्दै मन्त्री साहले त्यसआधारमा सुधारका कार्यक्रम अघि बढाइने स्पष्ट पार्नुभयो। "कुनै काम गर्नुभन्दा अघि विगतमा त्यससम्बन्धमा के-के भइरहेको छ, त्यसको जानकारी लिएर मात्रै अघि बढ्दा नतिजा आउँछ", मन्त्री साहले भन्नुभयो । तत्कालीन मन्त्री गौरीकुमारीले आज पदबाट राजीनामा दिएसँगै प्रधानमन्त्री बालेन्द्र शाहले सांसद साहलाई उद्योगमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

## शिक्षामन्त्री पोखरेलद्वारा सातवटै प्रदेशका शिक्षा मन्त्रीसँग छलफल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सातवटै प्रदेशका शिक्षा हेर्ने मन्त्रीहरुसँग छलफल गर्नुभएको छ । सिंहदरबारस्थित मन्त्रालयमा भएको छलफल कार्यक्रममा शिक्षा तथा खेलकुद क्षेत्रमा सङ्घ र प्रदेश सरकारबीच सहकार्य तथा समन्वय थप मजबुत बनाउने विषयमा छलफल भएको थियो ।

त्यसैगरी, छलफलमा १०औँ राष्ट्रिय खेलकुदको आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विधेयक, विपद्का समयमा सहकार्य तथा अन्तर सरकार समन्वय लगायतका विषयमा विचार-विमर्श भएको थियो। १०औँ राष्ट्रिय खेलकुद निर्धारित समयमै सम्पन्न गर्ने, टिभेट विधेयक आपसी छलफलबाट टुङ्ग्याउने तथा प्राविधिक शिक्षालाई थप विकेन्द्रीकृत र पहुँचयोग्य बनाउने प्रतिबद्धता व्यक्त गरियो ।

कार्यक्रममा शिक्षामन्त्री पोखरेलले सङ्घीय सरकार प्रदेश सरकारसँग मिलेर काम गर्न चाहेको बताउँदै शिक्षा र खेलकुदका क्षेत्रमा दुवै तहका सरकारबीच सहकार्य र समन्वय बढाउनुपर्नेमा जोड दिनुभयो। मन्त्री पोखरेलले विद्यालय शिक्षा ऐन मन्त्रालयको प्राथमिकता मा रहेको भन्दै उक्त ऐनमा तीन तहका सरकारको अधिकार क्षेत्रको स्पष्टता तथा छुटेका विषयलाई समावेश गराएर ऐनलाई थप समृद्ध बनाइने विश्वास व्यक्त गर्नुभयो।

"विद्यालय शिक्षा ऐनलाई प्राथमिकतामा राखेका छौं, पहिलाको विधेयकमा कति कुरा छुटेकाले पनि अहिले देशभर सबै सरोकारवाला हरुसँग छलफल गरी रायसुझावका आधारमा अगाडि बढाइएको छ। दीर्घकालीन रुपमा होस् भनेर विषयवस्तु सम्बोधन गर्दा केही समय लागेको हो," मन्त्री पोखरेलले भन्नुभयो। मन्त्री पोखरेलले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई भव्य, सभ्य रुपमा प्रभावकारी बनाउन तीन तहका सरकारबीच बलियो समन्वय र सहकार्य जरुरी भएको उल्लेख गर्नुभयो। उहाँले खेल क्षेत्रको विकास तथा राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगिताहरुमा सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै खेलाडीहरुलाई प्रोत्साहन गरिने बताउनुभयो ।

कोशी प्रदेश सरकारका सामाजिक विकासमन्त्री गीता तिम्सिनाले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो। साथै तीन तहका सरकार मिलेर सिर्जनशील र दूरदर्शी योजना बनाएर जानुपर्ने उहाँको भनाइ थियो। मधेस प्रदेश सरकारका खेलकुद तथा समाजकल्याणमन्त्री लखन दास तत्माले शिक्षा प्रभावकारी नभएसम्म देश समृद्ध हुन सक्दैन भन्दै शिक्षा र खेलकुद क्षेत्रका विकासका लागि तीन तहका सरकारबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो। त्यसैगरी, कार्यक्रममा बाग्मती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङ, गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङ, लुम्बिनी प्रदेशका सामाजिक विकासमन्त्री रामजी प्रसाद घिमिरे, सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री सन्तोष कुमारी शर्मा (थापा) र कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री जितबहादुर मल्लले पनि शिक्षा तथा खेलकुद क्षेत्रमा सङ्घ र प्रदेश सरकारबीच सहकार्य तथा समन्वय थप प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले शिक्षा र खेलकुद क्षेत्रको विकासका लागि लगानी बढाइनुपर्नेमा जोड दिनुभयो । उहाँले सबैखाले विपद् व्यवस्थापनका लागि केन्द्रदेखि प्रदेश र पालिकास्तरसम्म प्रभावकारी समन्वय जरुरी भएको उल्लेख गर्नुभयो ।

## दुई करोड उद्धार कोषमा पठाउने निर्णय

धनगढी। सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकले भोटेकोशी बाढीपीडितका लागि रु दुई करोड प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने निर्णय गरेको छ।

यहाँ बिहीबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन समितिको बैठकले यसअघि प्रदेश सरकारले गरेको निर्णय कार्यान्वयन गर्दै उक्त रकम निकासा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने निर्णय गरेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

बैठकले सुदूरपश्चिम प्रदेशमा बाढी तथा अन्य विपद् आउन सक्ने सम्भावनालाई मध्य नजर गर्दै आवश्यक पूर्वतयारीलाई प्रभावकारी बनाउने निर्णय गरेको छ। साथै विपद्को समयमा उद्धार, राहत तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई आवश्यक तयारी र समन्वयका साथ परिचालन गर्ने विषयमा बैठकमा छलफल भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

## करार कर्मचारीको प्रोत्साहन भत्ता व्यवस्थापनबारे अध्ययन गर्न कार्यदल

हेटौंडा। बागमती प्रदेश सरकारले अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीले पाउने प्रोत्साहन भत्तामा देखिएको अन्योल समाधान गर्न अध्ययन कार्यदल गठन गर्ने निर्णय गरेको छ।

बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले सङ्घीय सरकार र अन्य प्रदेशमा करार कर्मचारीको प्रोत्साहन भत्ता व्यवस्थापनसम्बन्धी अभ्यास अध्ययन गरी प्रदेशमा एकरूपता, सन्तुलित र न्यायोचित व्यवस्था कायम गर्न सुझाव दिने गरी कार्यदल गठन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले जानकारी दिनुभयो। उहाँका अनुसार करार कर्मचारीले प्राप्त गर्ने प्रोत्साहन भत्ताको व्यवस्थामा स्पष्टता आवश्यक देखिएकाले सङ्घ तथा अन्य प्रदेशले अपनाएको अभ्यास समेत अध्ययन गरिनेछ।

बैठकले प्रदेश मातहतका विभिन्न कार्यालयमा कार्यरत अस्थायी कर्मचारीको सालबसाली अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णयसमेत गरेको छ। विभिन्न कार्यालयबाट प्राप्त अस्थायी दरबन्दीसम्बन्धी प्रस्तावलाई बैठकले स्वीकृति दिएको मन्त्री केसीले बताउनुभयो। उहाँका अनुसार सङ्घीय सरकारले कायम गरेको तलबमानसँग नबाझिने गरी प्रदेश मातहत कार्यरत अधिकृत ११औँ तहदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको तलबमान एकिन गरिएको छ। मन्त्रिपरिषद्ले यसअघि एकीकृत गरिएको बाखा विकास केन्द्र चित्लाङ र मत्स्य विकास केन्द्र कुलेखानीलाई पुनः पूर्ववत् छुट्टाछुट्टै कार्यालयका रूपमा कायम गर्ने निर्णयसमेत गरेको छ। विषयगत कार्यक्षेत्र फरक भएकाले दुवै केन्द्रलाई अलग गर्ने निर्णय गरिएको मन्त्री केसीले जानकारी दिनुभयो। मन्त्रिपरिषद् विस्तारबारे सञ्चारकर्मीको जिज्ञासा मा उहाँले तत्काल त्यस सम्बन्धी कुनै निर्णय भएको छैन। तीन दलीय गठबन्धनबीच निर्णय भए आगामी दिनमा मन्त्रिपरिषद् विस्तार हुन सक्ने भनाइ छ।

## विकासका अवधारणामा पुनर्विचार गर्न आग्रह

काठमाडौं। सांसदहरूले प्राकृतिक विपत्तिबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरणको योजना बनाउन तथा नदी प्रणालीमा आधारित विकासका अवधारणाको पुनर्विचार गर्न सरकारको ध्यानाकर्षण गराउनु भएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद सुशील खड्काले नदी प्रणालीमा आधारित बस्ती जलवायु परिवर्तन पछि उच्च जोखिममा परेको जनाउँदै अब विकासका मोडल पुनर्विचार गर्नुपर्नेमा जोड दिनुभयो। स्मृति सेन्चुरीले उच्च जोखिममा रहेको दोलखास्थित छो रोल्पा हिमतालको २४ घण्टा निगरानी गर्न र तटीय क्षेत्रका नागरिकको जीउधनको रक्षा गर्न स्वचालित साइरन प्रणाली जोड्न सुझाव दिनुभयो।

सांसद श्रीराम न्यौपानेले भोटेकोशी बाढीबाट सम्पर्कविहीन नागरिकको खोजीमा सम्पूर्ण संयन्त्र परिचालित गर्नुपर्नेमा जोड दिनुभयो। सांसद सुशान्त वैदिकले भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएकाको खोज तथा उद्धारमा सम्पूर्ण संयन्त्र परिचालन गर्न सरकारलाई सुझाव दिनुभयो। सांसद सुष्मा स्वर्णकारले भ्रष्टाचारमुक्त, भेदभावमुक्त र सुशासनयुक्त समाज निर्माण गर्ने जेनजी युवाका चाहना पूरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद सोम शर्माले जेनजी जनविद्रोहका क्रममा युवामाथि लगाइएका झुटा मुद्दा फिर्ता लिन सरकारसँग माग गर्नुभयो । सो क्रममा सांसद हरिनादेवी कामीले जेनजी सहिद परिवारमाथि व्यङ्ग्य गर्ने अधिकार कसैलाई नभएको बताउनुभयो । सांसद हरिप्रसाद भुसालले जेनजी विद्रोहमा सहभागी अर्घाखाँचीका १० भन्दा बढी युवाले अझै पनि जिल्ला अदालतमा तारेख धाइरहेका भन्दै तत्काल उनीहरूमाथि लगाइएका झुठा मुद्दा फिर्ता लिन माग गर्नुभयो।

सांसद सुलभ खरेलले राष्ट्रिय सुरक्षासँग जोडिएको पेट्रोलियम पदार्थको रणनीतिक राष्ट्रिय भण्डारण गर्नेसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्न माग गर्नुभयो। सांसद हरिमोहन भण्डारीले नागरिकलाई सहजै खाना पकाउने ग्यास उपलब्ध गराउने दायित्वबाट राज्य उम्कन नमिल्ने धारणा राख्नुभयो। सांसद सन्तोष सुब्बाले ग्यास अभावको अवस्था तत्काल अन्त्य गरेर नागरिकलाई राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

## पुनरुत्थानमा चिनियाँ सहयोग निरन्तर रहन्छः राजदूत माओमिङ

❑ *प्रत्यूष समाचारदाता*

नुवाकोट। नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीले पुर्याएको क्षतिको पुनरुत्थानमा चिनियाँ सहयोग निरन्तर रहने बताउनुभएको छ। बाढीले पुर्याएको क्षति एवं प्रभावित बासिन्दाको अवस्था बुझ्न बिहीबार (हिजो) नुवाकोट आउनु भएका राजदूत माओमिङले बाढीपश्चात् असहज बनेको परिस्थितिलाई सहज बनाउन आवश्यक राहत उपलब्ध गराइ रहेको उल्लेख गर्दै पुनरुत्थानमा पनि चीन सरकारबाट आवश्यक सहयोग उपलब्ध हुने जानकारी दिनुभयो।

बाढीपछिको खोज तथा उद्धार, राहत वितरण, होल्डिङ सेन्टर सञ्चालनमा चीन सरकारको सहयोगसहित थप दुई मिलियन अमेरिकी डलरसमेत नेपाल सरकारलाई उपलब्ध गराइसकिएको उहाँले जानकारी दिनुभयो । "बाढीबाट नेपालमा ठूलो जनधनको क्षति भएको छ । यसमा हामी (चीन सरकार) अत्यन्त दुःखी छौं", उहाँले भन्नुभयो, "विद्यालय, सडक, आवासलगायत भौतिक संरचनामा पुगेको क्षतिको पुनरुत्थानका लागि नेपाल सरकारलाई गर्नुपर्ने सहयोग निरन्तर रहनेछ।" चिनियाँ राजदूत माओमिङले बाढीबाट पुगेको क्षतिको सम्बन्धमा जिल्लास्थित विपद् व्यवस्थापन समितिका पदाधिकारी सँगको छलफल गरी जानकारी लिनुभएको थियो । त्यसपश्चात् बाढीले क्षति पुर्याएको विदुर नगरपालिका-१ र १० का विभिन्न स्थानको अवलोकन गर्नाका साथै विदुर नगरपालिका-२ कर्भडहलमा सञ्चालित 'होल्डिङ सेन्टर'को पनि अवलोकन गर्नुभयो। उहाँले होल्डिङ सेन्टरमा आश्रय लिएर बासिरहेका रसुवा र नुवाकोटका बाढी प्रभावित बासिन्दासँग अन्तरक्रिया गर्दै बसोबास, खानपान, स्वास्थ्य अवस्था, अबको चाहनालगायत विषयमा चासो व्यक्त गर्नुभएको थियो।

## आत्महत्याबारे मौन नरहौँ, संवाद सुरु गरौँः मानव अधिकार आयोग

सुदूरपश्चिम । राष्ट्रिय मानव अधिकार आयोगले आत्महत्या रोकथामका लागि आत्महत्याबारे मौन नरही संवाद सुरु गर्न तथा सङ्कटमा रहेका व्यक्तिलाई सुन्ने, बुझ्ने र सहयोग गर्ने वातावरण निर्माण गर्न आग्रह गरेको छ। विश्व आत्महत्या रोकथाम दिवसका अवसरमा बिहीबार प्रेस-विज्ञप्ति जारी गर्दै आयोगले आत्महत्या मानसिक स्वास्थ्यको मात्र विषय नभई जीवन, मर्यादा, स्वास्थ्य, सुरक्षा तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँग सम्बन्धित गम्भीर मानव अधिकारको विषय भएको जनाएको हो । आयोगले मानसिक तनाव, चिन्ता तथा निराशा, घरेलु तथा लैङ्गिक हिंसा, दीर्घकालीन मानसिक स्वास्थ्य सम्बन्धी समस्या, आर्थिक समस्या, गरिबी तथा बेरोजगारी लगायतका कारण आत्महत्याका घटना हुने गरेको विभिन्न अध्ययनबाट देखिएको जनाएको छ । सङ्कटमा रहेका व्यक्तिलाई सुन्ने, बुझ्ने र सहयोग गर्ने वातावरण निर्माण गर्न तथा आत्महत्याको प्रयास गरेका व्यक्ति र आफन्त गुमाएका परिवारलाई दोष लगाउने, लाञ्छना लगाउने वा सामाजिक बहिष्करण गर्ने कार्य अन्त्य गर्न आयोगले सबै पक्षलाई आग्रह गरेको छ ।

सम्पादकीय ....

## संचार माध्यमको भूमीका महत्वपूर्ण

भोटेकोशी बाढीपीडित क्षेत्रका एक जना स्थानीय नरेश खतिवडाले गत सोमबार फेसबुकमा यस्तो अनुभव लेख्नुभएको छ । आफैं पीडित उहाँले नदीले पुरेको घरको बाढी सफा गर्दै हुनुहुँदो रहेछ । त्यहीँमाथि यसरी युट्युबर पुगेर दुखेको घाउ झन् चर्काउन थालेपछिको उहाँको अभिव्यक्ति हो यो ।

क्यामरा लिएर उभिने र तपाईंलाई कस्तो महसुस भइरहेको छ भनेर प्रश्न गरेर आँसु झार्न बाध्य पार्ने काम पत्रकारिता होइन । कैयौं व्यक्तिलाई आफ्ना परिवारका सदस्यको अवस्था पनि थाहा छैन तर उनीहरूलाई पटक पटक एउटै प्रश्न गरेर पीडा दिइरहनु पत्रकारिता होइन । शव, घाइते शरीर तथा रुँदै गरेका बालबालिका र शोकमा डुबेका परिवारको दृश्यलाई 'भाइरल' बनाउन खोज्नु न पत्रकारिता हो, न त मानवीयता । बाढीले शोकमा डुबेकाबेला त्यहाँ पुगेका युटुबरहरूले पत्रकारिताको खिल्ली उडाएका छन् । उनीहरू पत्रकारिताको सामान्य आचारसंहिताको पालना पनि गरेका छैनन् ।

प्राकृतिक प्रकोपको यो समयमा सञ्चारकर्मी मात्र होइन कि नागरिकले अपनाउनुपर्ने सामान्य शिष्टाचार र संहिताको ख्याल पनि उनीहरूले गरेका छैनन् । पत्रकारिताले बुझ्नुपर्ने कुरा के हो भने पीडित नागरिक समाचारको विषय मात्र होइन, न त दयाको पात्र नै हो । ऊसँग पनि नागरिक अधिकार र समान सम्मान रहन्छ र हुनु पर्छ । त्यसैले पीडामा परेका नागरिकले मिडिया नामका सबैको सामना गर्नु पर्छ र उनीहरूले जेजस्तो सोधे पनि जवाफ दिनु पर्छ भन्ने होइन ।

कतिपय सञ्चार माध्यमले यही भोटेकोशी बाढीको रिपोर्टिङका क्रममा नागरिकका गोपनीयतामाथि पनि धावा बोलिरहेका छन् । एकातिर आफैं घरबास तथा परिवारविहीन भएको पीडा छ भने अर्कातर्फ नागरिकहरूमा मिडियाले विचार नपुऱ्याउँदा उनीहरूको गोपनीयताको अधिकारको पनि हनन भइरहेको छ ।

भारतमा दिनहुँ जसो हुने गरेको बलात्कार र हत्या जस्तो जघन्य अपराधकै एक क्रूर प्रतिनिधि घटनाका रूपमा भारतीय मिडियामा आयो । त्यसपश्चात् बालिका र महिला सुरक्षाका विषयमा भारतभर ठूलो आन्दोलन भयो र बलात्कारीलाई मृत्युदण्डको सजायको माग निकै चर्कोसँग उठ्यो । सरकारले सुन्यो, पछि बाध्य पनि भयो र पीडकलाई करिब तीन वर्षपछि मृत्युदण्डकै सजाय पनि भयो ।

रपोर्टिङका शैली र कन्टेन्टमा प्रश्न उठाएको थियो किनभने निर्भयामाथि भएको जघन्य अपराधको बयान समाचारमा यसरी आयो कि त्यो बयानबाट अरूले सिक्ने भय रह्यो रे । त्यसमा एक जना नाबालक पनि रहेको भनेर आएको समाचारबाट त झन् त्यही उमेरका अरूले पनि त्यस्तो जघन्य अपराध गर्ने तरिका र अवस्था सिक्न सक्ने तर्क आयो । नागरिकको मानव अधिकारसँग जोडेर अर्थ्याइन्छ तर यसको परिभाषाको यकिन भने सजिलो छैन । किनभने, कुनै काम या व्यवहार एक व्यक्तिका लागि गोपनीय हुँदा अर्काका हकमा सूचना बन्न जान्छ । मानिसमा आफू नाङ्गै रहेको चेतना आएपछि रुखका बोक्रा र पातपतिङ्गरले आफ्ना अङ्ग ढाक्न थालेदेखि नै गोपनीयताबारे चेत पलाएको बुझ्न सकिन्छ ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन** ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com


# आलेखः बाढीपीडितको पुनःस्थापना हुन अझै बाँकी



सनम सुवाल

दुई वर्षअघि बाढीपहिरोले भत्काएको घरको भग्नावशेष हेर्दै काभ्रेका केही परिवार अझै सुरक्षित पक्की घरमा फर्किने दिन कुरिरहेका छन् ।

२०८१ असोज ११ र १२ गतेको विनाशकारी बाढीपहिरोले घरबारविहीन बनाएका उनीहरू मध्ये कतिपयले दुई वटा वर्षायाम र दुई वटा हिउँद अस्थायी टहरामै बिताइसकेका छन् । घर पुनः निर्माणका लागि सरकारबाट अनुदान पाउने आशामा रहेका ती परिवारका लागि क्षतिको नापजाँच देखि लाभग्राही कायम गर्ने र अनुदान निकासासम्मको प्रक्रिया अझै टुङ्गिएको छैन ।

सरकारी अभिलेखमा उनीहरूको क्षतिको विवरण समेटिए पनि सुरक्षित घरमा फर्किने सपना भने अझै प्रक्रियामै अड्किएको छ । २०८१ मा पुऱ्याएको क्षतिलाई २०८२ को असोज दोस्रो साता आएको बाढीले समेत थपेको थियो । बाढीपहिरोबाट प्रभावित बेथान चोक गाउँपालिका-२ का नवराज र कमला श्रेष्ठले घरसँगै घरभित्रका सामान्य सामान समेत जोगाउन नसकेको बताउनुहुन्छ । वर्षायाम सुरु हुँदा अझै पनि बाढीपहिरोको डरले सुरक्षित स्थानमा सर्नुपर्ने अवस्था रहेको उहाँहरूको भनाइ छ । पालिकाले खाद्यान्नका लागि रु १५ हजार र अस्थायी आवासका लागि रु २५ हजार सहयोग गरे पनि पूर्ण क्षति भएका परिवारका लागि त्यो पर्याप्त नभएको उहाँहरू बताउनुहुन्छ ।

अहिले सामाजिक संस्थाको सहयोगमा गाउँपालिकाभित्रै घर निर्माणको काम अघि बढिरहेको छ । काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तह बाढीपहिरोबाट प्रभावित भएका थिए । २०८१ सालको विपद्मा जिल्लामा ८१ जनाको मृत्यु भएको थियो भने छ जना अझै बेपत्ता छन् । बाढी पहिरोमा परी ८८ जना घाइते भएका थिए । बाढीपहिरोले निजी आवासमा ठूलो क्षति पुऱ्याएपछि धेरै परिवार टेन्ट, अस्थायी टहरा तथा आफन्तको आश्रयमा बस्न बाध्य भएका थिए ।

विपद्पछि तत्काल उद्धार, खोजी, उपचार र राहतलाई प्राथमिकता दिइए पनि दीर्घकालीन पुनर्निर्माण तथा पुनःस्थापनाको काम अपेक्षित गतिमा अघि बढ्न सकेको छैन । प्रभावित निजी आवासको क्षति यकिन गर्न विस्तृत क्षति आकलन (डिडिए) गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्राविधिक कर्मचारी तथा स्थानीय तहका इन्जिनियरले प्रभावित घरधुरीको भौगोलिक अवस्थिति, क्षतिको विवरण, तस्बिर, नागरिकतालगायतका विवरण सङ्कलन तथा प्रमाणीकरण गरेका छन् । वास्तविक प्रभावितलाई लाभग्राही कायम गर्ने र एउटै व्यक्तिले दोहोरो सुविधा लिन नपाउने उद्देश्यले विवरणलाई डिजिटल प्रणालीमा प्रविष्ट गरिएको हो तर यही प्रक्रिया पूरा गर्न लाग्ने समयका कारण कतिपय प्रभावित परिवार अझै अनुदानको प्रतीक्षामा छन् ।

गृह मन्त्रालयले "विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१" जारी गरी निजी आवास पुनर्निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाएको छ । कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न कार्यविधि संशोधनसमेत गरिएको जिल्ला समन्वयन समितिका प्रमुख दिपककुमार गौतमले बताउनुभयो । नीति तथा कार्यविधि बने पनि काभ्रेका केही प्रभावित परिवार भने प्रत्यक्ष लाभ प्राप्त गर्ने चरणमा पुग्न सकेका छैनन् । अस्थायी आवासका लागि पहिलो किस्ता बापत तीन हजार १६५ लाभग्राही लाई रु सात करोड ९१ लाख २५ हजार वितरण गरिएको छ । दोस्रो किस्ताबापत एक हजार ६६० लाभग्राहीलाई रु चार करोड १५ लाख वितरण भएको छ । यसरी अस्थायी आवासका लागि हालसम्म रु १२ करोड छ लाख २५ हजार निकासा भएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताउनुभयो ।

अहिले हिलो किस्ता पाएर अस्थायी टहरा निर्माण गरेका धेरै परिवार दोस्रो किस्ताको प्रतीक्षामा छन् । लामो समयसम्म अस्थायी टहरामा बस्नुपर्दा वर्षामा पानी चुहिने, चिसो बढ्ने तथा बाल बालिका, ज्येष्ठ नागरिक र आश्रित सदस्यलाई थप कठिनाइ हुने अवस्था छ । त्यसैले दीर्घकालीन पुनःस्थापनाको मुख्य आधार स्थायी आवास निर्माणलाई मानिएको छ । पहाडी तथा हिमाली क्षेत्रमा निजी आवास पुनर्निर्माणका लागि प्रतिपरिवार रु चार लाख अनुदान दिने व्यवस्था छ । सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा उपलब्ध हुने उक्त अनुदानका लागि विस्तृत क्षति आकलन, लाभग्राही प्रमाणीकरण, सम्झौता तथा विपद् पोर्टलमा विवरण प्रविष्टि आवश्यक हुन्छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले स्थायी आवासका लागि रोशी गाउँपालिकाका २३९, बेथानचोक गाउँपालिकाका २५२ र मण्डनदेउपुर नगरपालिकाका ५२ परिवारलाई लाभग्राहीका रूपमा सिफारिस गरेको छ । सिफारिसपछि सम्झौता तथा विपद् पोर्टलमा विवरण प्रविष्ट गर्ने काम पूर्ण रूपमा नसकिएको अधिकारी बताउनुहुन्छ । प्रजिअ अधिकारीका अनुसार सिफारिस भएका लाभग्राहीको विवरण सम्झौता र पोर्टलमा प्रविष्ट गर्ने काम भइरहेको छ । रोशी गाउँपालिकाका १०८ लाभग्राहीको विवरण विपद् पोर्टलमा प्रविष्ट भइसकेको छ । बेथानचोक गाउँपालिकाबाट थप २० वटा विवरण प्राप्त भएकामा आठ वटा मात्रै प्रमाणीकरण भएका छन् ।

पनौती, बनेपा, पाँचखाल, तेमाल, भुम्लु, खानीखोला, महाभारत, चौंरीदेउरालीलगायत स्थानीय तहमा पनि लाभग्राही पहिचान, विवरण प्रमाणीकरण तथा आवश्यक प्रक्रिया अघि बढिरहेको छ ।

क्षतिको भौतिक विवरण थाहा भए पनि अन्तिम लाभग्राही सूची तयार गर्न घरको अवस्थिति, क्षतिको प्रकृति, तस्बिर, नागरिकता लगायतका विवरण आपसमा मिलाउनुपर्ने हुन्छ । विवरणमा त्रुटि भेटिए पुनःप्रमाणीकरण गर्नुपर्ने भएकाले प्रक्रिया लम्बिने गरेको छ ।

प्राविधिक जनशक्तिको अभाव, डिजिटल प्रणालीमा देखिने प्राविधिक समस्या, विवरण सच्याउनु पर्ने अवस्था तथा माथिल्लो तहबाट हुने प्रमाणीकरणका कारण पनि अन्तिम स्वीकृतिमा ढिलाइ भएको देखिन्छ । प्रणालीमा लाभग्राहीको विवरण अन्तिम रूपमा कायम नभएसम्म अनुदानको प्रक्रिया अघि बढाउन नसकिने अवस्था छ ।

रोशी गाउँपालिका-११, कालढुङ्गाका शिवप्रसाद मैनालीका अनुसार बाढीले बस्ती नै सोहोरेर लगेपछि कतिपय पीडित अन्यत्र सर्न बाध्य भएका छन् भने केही परिवार अझै जोखिम क्षेत्रमै बस्न बाध्य छन् । बाढीले घरबास मात्र होइन, वर्षौंदेखि बनाएको जीवन नै तहसनहस पारेको उहाँ बताउनुहुन्छ । स्थानीय र सङ्घ सरकारको लागत साझेदारीमा निर्माण गरिएको रोशीको पहिचान बनेको डम्फुपार्क तथा औद्योगिक ग्रामसमेत बाढीले बगाएपछि यहाँका नागरिक पुनः स्थापनासँगै खोलाको व्यवस्थापन को माग गरिरहेका छन् । खोलालाई पुरानै बहाव र सुरक्षित अवस्थामा फर्काउनुपर्ने उनीहरूको माग छ । खोला व्यवस्थापन नगरी बस्ती र संरचना निर्माण गरिए आगामी वर्षायाममा पुनः उस्तै विपद् भोग्नुपर्ने जोखिम रहेको स्थानीय बताउँछन् ।

जिल्लाका १३ वटै स्थानीय तहको आन्तरिक विपद् कोषमा रु चार करोड १६ लाख ६२ हजार १३७ रुपैयाँ ३२ पैसा रहेको छ । जिल्ला विपद् कोषमा रु ७४ लाख १३ हजार ६५१ तथा प्रदेशस्तरीय विपद् कोषमा रु १० लाख ४७ हजार ७९० रहेको छ । स्थानीय तहका विपद् कोषबाट सङ्घीय कार्यविधि बाहेक निजी आवास पुनर्निर्माणमा प्रत्यक्ष रूपमा खर्च गर्न सकिने अवस्था छैन । लाभग्राही कायम, लागत साझेदारी, अनुदान वितरण तथा शोधभर्नालगायतका प्रक्रिया सङ्घीय व्यवस्थासँग जोडिएका छन् । त्यसैले स्थानीय तहमा स्रोत भए पनि स्थायी निजी आवास पुनः निर्माणको काम निर्धारित प्रक्रिया बाटै अघि बढाउनुपर्ने बाध्यता छ ।

विपद् व्यवस्थापनमा तीन तहका सरकारको भूमिका फरक भए पनि उद्देश्य प्रभावित नागरिकलाई सुरक्षित जीवनमा फर्काउनु हो । विपद्को असर र तत्कालको आवश्यकता स्थानीय तहमा देखिने भए पनि नीति, मापदण्ड, स्वीकृति तथा स्रोत परिचालनका विषय सङ्घ र प्रदेश तहसँग जोडिएका हुन्छन् । तत्कालीन उद्धार तथा राहतमा स्थानीय तहसँगै निजी क्षेत्र, सामाजिक संस्था र समुदायले पनि सहयोग गरेका थिए ।

सार्वजनिक संरचनातर्फ सडक, पुल, खानेपानी, विद्युत लगायतका पुनर्निर्माणका काम अघि बढिरहेका छन् । बिपी राजमार्ग सहितका सडक तथा अन्य पूर्वाधार पुनर्निर्माणले गति लिइरहे पनि निजी आवासको पुनर्निर्माण तुलनात्मक रूपमा जटिल देखिएको छ । सार्वजनिक संरचना एउटै आयोजना का रूपमा अघि बढाउन सकिने भए पनि निजी आवासमा प्रत्येक घरधुरीको छुट्टाछुट्टै विवरण, क्षतिको अवस्था र लाभग्राही पहिचान आवश्यक हुन्छ । समयमै निर्णय र अनुदानमा रूपान्तरण हुन नसक्दा तथ्याङ्क नै प्रभावित परिवारको प्रतीक्षाको कारण बन्न पुगेको छ । डिजिटल प्रणालीमा विवरण प्रविष्ट गर्नु प्रशासनिक प्रक्रियाको एउटा चरण भए पनि प्रभावित परिवारका लागि त्यो सुरक्षित घर निर्माणतर्फ अघि बढ्ने आशासँग जोडिएको छ । तयार भइसकेका विवरणको प्रमाणीकरण छिटो सम्पन्न गर्ने, छुटेका वास्तविक प्रभावितलाई लाभग्राहीमा समेट्ने, रोकिएका फाइलको टुङ्गो लगाउने, दोस्रो किस्ताको बाँकी अस्थायी आवास अनुदान उपलब्ध गराउने तथा स्थायी आवासका लागि सम्झौता र पोर्टल प्रविष्टिको काम पूरा गर्नुपर्ने भएकाले ती काम समयमा नसक्दा अनुदान रकम प्रभावित नागरिक सम्म पुग्न नसकेको बेथानचोक गाउँपालिकाका अध्यक्ष भगवान अधिकारीले बताउनुभयो । यसका लागि पर्याप्त प्राविधिक जनशक्ति, सरल डिजिटल प्रणाली र तीनै तहका सरकारबीच प्रभावकारी समन्वय आवश्यक छ । सरकारले कार्यविधि बनाएको छ, त्यसमा देखिएका समस्या समाधान गर्न संशोधन पनि गरेकाले त्यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने पालिका अध्यक्ष अधिकारी बताउनुहुन्छ ।

बाढीपहिरोले घर मात्र भत्काएको होइन, परिवारको वर्षौंको श्रम, भविष्यको योजना र सुरक्षित जीवनको आधारसमेत भत्काएको छ । काभ्रेका बाढीपीडितका लागि अब सरकारी तथ्याङ्कमा नाम थपिनु मात्र होइन, ती तथ्याङ्क घरको जगदेखि घर सम्पन्न हुँदासम्म पुग्नु आवश्यक छ । पुनःस्थापनाको सफलता पोर्टलमा कति विवरण प्रविष्ट भयो वा कति रकम निकासा भयो भन्नेमा मात्र होइन, कति प्रभावित परिवार सुरक्षित स्थायी घरमा फर्किए भन्नेमा मापन हुनुपर्छ ।

## सांसदसहितको टोलीद्वारा महादेव खोला खानेपानी परियोजनाको अनुगमन

भक्तपुर । चाँगुनारायण नगर पालिका-६ र वडा नं ७ को सिमानामा रहेको महादेव खोला खानेपानी बहुउद्देश्यीय परियोजनामा निर्माणका लागि प्रधानमन्त्री बालेन्द्र शाहले चासो दिनुभएको छ ।

प्रधानमन्त्री कार्यालयको निर्देशनमा बिहीबार पूर्वाधार विकास मन्त्री सुनिल लम्सालका निजी सचिव राजेन्द्रबहादुर बम, सल्लाह कार सञ्जिवविक्रम राणा, भक्तपुर क्षेत्र नं १ का सङ्घीय सांसद रुकेश रञ्जित, क्षेत्र नं २ का सांसद राजीव खत्री, सांसद प्रमिला कुलुजु, खानेपानी विभागका सिनियर डिभिजन इन्जिनियर राजु महत लगायत स्थानीय जनप्रतिनिधिको टोलीले परियोजना क्षेत्रको अनुगमन गरेको छ ।

अनुगमनपछि सांसद रुकेश रञ्जितले उपत्यकामै खानेपानीको अभाव भइरहेको अवस्थामा यस परियोजना पुरा गर्न नेपाल सरकार एवं प्रधानमन्त्रीले नै चासो दिएकाले अब यो निर्माण सम्पन्न हुन्छ भन्नेमा आफू ढुक्क रहेको बताउनुभयो ।

"सरकारको तर्फबाट हामीले पनि विशेष पहल गरिरहेका छौं, यो परियोजना धेरै पटक अध्ययन भएको छ, यसको डिपिआर बनिसकेको छ, तर काम नभएर थन्किएको अवस्थामा छ, उपत्यकाकै लागि खानेपानीको प्रमुख स्रोत बन्न सक्ने र उपत्यका को पूर्वी क्षेत्रलाई खानेपानी को स्रोत पूर्ति गर्न सक्ने यो योजना पुरा हुन्छ भन्नेमा हामी विश्वस्त छौं ।" अनुगमनपछि सांसद खत्रीले प्रधानमन्त्री कार्यालयमा यस परियोजनाबारेमा छलफल भएर नै आज प्रधानमन्त्री कार्यालयसहितको टोली अनुगमनमा आएको समेत बताउनुभयो । उहाँले यस आयोजना सम्पन्न भयो भने भक्तपुरको दुवै क्षेत्र अर्थात समग्र भक्तपुर नै लाभान्वित हुने भएकाले पहिला नै डिपिआर तयार भएर अडेकिएको गाँठो फुकाएर परियोजना सम्पन्न गराउँने बताउनुभयो ।

सांसद कुलुजुले भक्तपुरमा साताको एक दिन मात्रै पानी आउने गरेको बताउँदै अहिलेका सरकारले यो आयोजनालाई सम्पन्न गर्ने बताउनुभयो । खानेपानी विभागका सिनियर डिभिजन इन्जिनियर महतले यस आयोजनाको चार वर्ष अगाडि नै अध्ययन गरेर ईआईएको स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पुगेर अड्किएको बताउँदै मन्त्रायबाट स्वीकृत भएर आएलगत्तै थप काम अगाडि बढाउन सकिने बताउनुभयो । उहाँले ४८ मिटरका लामो ड्याम, १३ हेक्टरमा पानी सुरक्षित रहने गरी डिपिआर तयार भएको बताउँदै यो निर्माण सम्पन्न भएमा प्रतिव्यक्ति प्रत्येक दिन १०० लिटरको दरले पानीको खपत गर्दा पनि ४० हजार नागरिकलाई पानी पुग्ने बताउनुभयो । चाँगुनारायण नगरपालिका-७ का वडाध्यक्ष श्यामकृष्ण नायजुले विगतको सरकारले आयोजना निर्माण सुरु गर्ने गरी नगरपालिकाले बहुआयामिक खानेपानीका स्रोत भण्डारण गर्ने गरी डिपिआर गरी अधिकतम प्रयास गर्दा पनि काम रोकिएको बताउदै अहिलेको स्थिर सरकारले यो परियोजना निर्माण सम्पन्न गरे भक्तपुरका लागि खानेपानीका दीर्घकालीन समस्या समाधान हुने बताउनुभयो । सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमै भक्तपुरको खानेपानी आवश्यकताको दिगो व्यवस्थापनका लागि महादेव खोलाबाट पानी आपूर्तिको सम्भाव्यता अध्ययन लगायत पूर्व तयारीको कार्य सम्पन्न गरी योजना अगाडि बढाउने घोषणा गरेको थियो । जलाशय निर्माणका लागि तत्कालिन सरकारले २०७३ सालमै अध्ययन र डिपिआर निर्माणका लागि मात्रै रु एक करोड ३५ लाख बजेट विनियोजन गरेको थियो । यो आयोजना सम्पन्न भएमा भक्तपुरका २० हजार घरधुरीका एक लाख जनतालाई दैनिक प्रतिव्यक्ति १०० लिटरका दरले पानी वितरण गर्न सक्ने र आयोजना सम्पन्न भएपछि दैनिक एक करोड लिटर पानी वितरण गर्न सकिने अध्ययनमा उल्लेख छ । यस क्षेत्रमा रहेका विभिन्न मूल, बर्सात र मुहान पोखरीको पानी संकलन गरी शुद्धीकरण गरेर वितरण गर्ने योजना रहेको उहाँको भनाइ छ । अध्ययन र डिजाइन प्रतिवेदनमा पहिलो चरणमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडले सञ्चालन गरेको मुहानपोखरीकै संरचना प्रयोग र पुनर्निर्माण तथा प्रशोधन केन्द्र, पाइप लाइन र मर्मत गर्ने र पानीपोखरी थप गर्दै लैजाने उल्लेख छ ।

## राहत कोषमा रकम जम्मा हुने क्रम जारी

काठमाडौं । यही भदौ १० गते रसुवाको भोटेकोशीमा आएका बाढीका कारण प्रभावित भएका नागरिकको खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि सहयोग रकम सङ्कलन भइरहेको छ । विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकाय, सङ्घसंस्था, जनप्रतिनिधि, कर्मचारी, व्यवसायी, स्थानीयलगायतले रकम सङ्कलन गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गरिरहेका छन् ।

यही भदौ १० गते बुधबार बिहान रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित परिवार को राहत तथा पुनर्निर्माणका लागि नेपाली मुस्लिम समाज सुनसरीले रु ६२ लाख ४५ हजार ४९ सहयोग गरेको छ । प्राकृतिक विपद्मा परेका नागरिकको स्वास्थ्य उपचार तथा पुनर्निर्माणमा सहयोग गर्ने उद्देश्यले सञ्चालन गरिएको अभियान अन्तर्गत सुनसरीका विभिन्न मुस्लिम बस्ती, मदरसा, मस्जिद, गैरसरकारी संस्था, निजी विद्यालय, व्यावसायिक सङ्घसंस्था तथा व्यक्तिगत तहबाट उक्त रकम सङ्कलन गरिएको नेपाली मुस्लिम समाज सुनसरीका उपाध्यक्ष हैदर अलीले जानकारी दिनुभयो ।

नेपाल मुस्लिम समाज सुनसरीको समन्वयमा सङ्कलित उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरी आज बैंक भौचर तथा सहयोगदाताको विस्तृत विवरणसहितका कागजात सुनसरी का प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालालाई हस्तान्तरण गरिएको उहाँले बताउनुभयो ।

कतारको कम्पास क्याटरिङ सर्भिसेसद्वारा ३० लाख ४४ हजार उपलब्ध

नेपालीसहित ४९ देशका नागरिकलाई कतार देशमा रोजगारी दिँदै आएको कम्पास क्याटरिङ सर्भिसेस् कम्पनीले भोटेकोशी बाढीपीडितका लागि रु ३० लाख ४४ हजार आर्थिक सहयोग उपलब्ध गराएको छ ।

कम्पनीका प्रतिनिधि अदाम अल हलाबिबी र बिजु बाबु अलाबिबीले नेपालस्थित आफ्नो सहयोगी संस्था भिजन एन्ड भ्यालु ओभरसिजको समन्वयमा उक्त रकम अर्थमन्त्री डा स्वर्णिम वाग्लेमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तान्तरण गर्नुभएको हो ।

अर्थ मन्त्रालयमा आज आयोजित रकम हस्तान्तरण कार्यक्रममा कम्पासका प्रतिनिधि हलाबिबीले बाढीपीडितको राहत तथा उद्धारका लागि कम्पनीले २० हजार अमेरिकी डलर सहयोग गरेको जानकारी दिनुभयो । उहाँले आगामी दिनमा पनि भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि शिक्षा, स्वास्थ्य उपकरण तथा रोजगारीका क्षेत्रमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सहयोग रकम ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले विपद्को समयमा बाढीपीडितको सहयोगका लागि कम्पनीले गरेको योगदानप्रति धन्यवाद व्यक्त गर्नुभयो । भिजन एन्ड भ्यालु ओभरसिज, बसुन्धारा का उपाध्यक्ष अनिल पन्थीले भोटेकोशी बाढीपीडितको शिक्षा, स्वास्थ्य, खाद्य तथा रोजगारीका लागि आफ्नो संस्थाले आवश्यक पहल गर्ने बताउनुभयो ।

उहाँले बाढीपीडितको उद्धार तथा राहतका लागि संस्था निरन्तर सक्रिय रहेको बताउँदै भन्नुभयो, "हाम्रो संस्थाले भोटेकोशी बाढीपीडितका लागि आवश्यक राहत जुटाउन पहल गर्दै आएको छ । हामी बाढीपीडितको उद्धार र सहयोगमा अहोरात्र खटिएका छौं ।" भदौ १० गते रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनः स्थापनाका लागि काभ्रेपलाञ्चोक को तेमाल गाउँ पालिकाले रु २५ लाख ३३ हजार ३३३ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावित परिवारलाई सहयोग गर्ने उद्देश्यले गाउँ पालिकाले जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकबाट रकम सङ्कलन गरेको हो । गाउँपालिकाका जन प्रतिनिधिले आफूले पाउने १० दिन बराबरको सेवासुविधा तथा गाउँपालिकाका सम्पूर्ण कर्मचारी र शिक्षकको पारिश्रमिकबाट रकम कट्टा गरी उक्त रकम सङ्कलन गरिएको गाउँपालिका अध्यक्ष चन्द्र बहादुर तामाङले जानकारी दिनुभयो ।

नमस्ते फाउण्डेसनद्वारा २० लाख सहयोग

रसुवाको भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि नमस्ते कम्युनिटी फाउण्डेसन पोखराले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २० लाख सहयोग गरेको छ । यसअघि दुई चरणमा गरी फाउण्डेसनले रु १२ लाख सहयोग गरिसकेकामा आज थप रु आठ लाख कोषमा जम्मा गरिएको फाउण्डेसन का संस्थापक भिष्मराज पौडेलले जानकारी दिनुभयो ।

नेदरल्यान्ड्सस्थित नमस्ते फाउण्डेसनसँगको सहकार्यमा राहत अभियान सञ्चालन गरिएको थियो । "भोटेकोशी बाढीप्रभावितका लागि सहयोग गर्न हामीले हाम्रा सहयोगीलाई आग्रह गरेका थियौं । उहाँहरूले पठाउनुभएको रकम राहत कोषमा जम्मा गरेका हौं । केही रकम त्यहाँबाट सिधै राहत कोषमा समेत जम्मा भएको छ । केही दिनमा थप सहयोग रकम पनि आउनेछ", पौडेलले भन्नुभयो ।

पोखराको सगरमाथा माध्यमिक विद्यालयले पनि आज प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु पाँच लाख एक हजार ५५५ सहयोग गरेको छ । भोटेकोशी र त्रिशूली क्षेत्रमा आएको बाढीबाट प्रभावित नागरिकको सहयोगका लागि सगरमाथा माध्यमिक विद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालय स्वयंले सो रकम सहयोग गरेको विद्यालयका संस्थापक प्राचार्य धनबहादुर थापाले जानकारी दिनुभयो ।

हेटौँडाका टोल विकास संस्थाद्वारा १८ लाख सहयोग

हेटौँडा उपमहानगर पालिका भित्रका विभिन्न टोल विकास संस्थाले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि रु १८ लाख ८६ हजार ६०४ सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका छन् ।

टोल विकास संस्था नगर समन्वय समिति हेटौँडाको आह्वानमा नगरका ६२ वटा टोल विकास संस्थाबाट उक्त रकम सङ्कलन गरिएको समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार बाढी प्रभावितको राहत तथा पुनः स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले टोल विकास संस्था, स्थानीयवासी तथा विभिन्न दाताबाट रकम सङ्कलन गरिएको हो ।

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट जनधनको क्षति भएपछि प्रभावित क्षेत्रको खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि विभिन्न सङ्घसंस्था तथा समुदायबाट सहयोग सङ्कलन भइरहेको छ ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) तनहुँले रु पाँच लाख ७५ हजार ९२० सहयोग गरेको छ । प्याब्सन तनहुँसँग आबद्ध २३ वटा निजी विद्यालयको सहभागितामा सङ्कलन गरिएको उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

विपद्का कारण ठूलो जनधनको क्षति व्यहोरेका परिवार लाई राहत उपलब्ध गराउन तथा उहाँहरूको पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले रकम सङ्कलन गरिएको प्याब्सन तनहुँले जनाएको छ । भोटेकोशी बाढीबाट रसुवासहित आसपासका क्षेत्रमा ठूलो क्षति पुगेपछि विभिन्न सङ्घसंस्था, विद्यालय, व्यवसायी तथा सर्व-साधारणले राहत तथा पुनः स्थापनाका लागि सहयोग गर्दै आएका छन् ।

सोही क्रममा शैक्षिक क्षेत्रमा क्रियाशील प्याब्सन तनहुँले पनि संस्थागत रूपमा सहयोग जुटाएको अध्यक्ष नारायणबहादुर क्षेत्रीले बताउनुभयो ।

## हदबन्दीका कारण घरजग्गा व्यवसाय संकटमा

काठमाडौं । हदबन्दीका कारण घरजग्गा व्यवसाय सङ्कटमा पर्दै गएको व्यवसायीले बताएका छन् । नेपाल जग्गा तथा आवास विकास महासङ्घ र नेपाल चेम्बर अफ कमर्सद्वारा बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेपालको आर्थिक विकास र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको व्यवस्थित घरजग्गा व्यवसाय (रियल इस्टेट) हदबन्दीका कारण सङ्कटमा पर्दै गएको बताएका हुन् ।

पत्रकार सम्मेलनमा नेपाल जग्गा तथा आवास विकास सङ्घका अध्यक्ष इन्जिनियर दीपक कुँवरले २०७६ सालदेखि लागू भएको जग्गा हदबन्दी सम्बन्धी व्यवस्थाले व्यवसायीलाई मर्का परेको बताउनुभयो । "हदबन्दीको नियमले कुनै पनि कम्पनीले ३० रोपनीभन्दा बढी जग्गा राख्न नपाउने व्यवस्था गरेको छ, उक्त व्यवस्थाका कारण २०७६ अगाडि जग्गा किनेर अपार्टमेन्ट बनाइएका सयौं कम्पनीले घर बनाएर अर्कालाई बिक्रीवितरण गर्न पाएका छैनन्, यसले व्यवसायीलाई समस्या सिर्जना गरेको छ", उहाँले भन्नुभयो । घरजग्गा व्यवसायीका अनुसार उहाँहरूको काम जग्गा किनेर, त्यसलाई विकास गरी घर वा अपार्टमेन्ट बनाएर बिक्री गर्नु हो । जग्गा उनीहरूका लागि 'स्टक' जस्तै भएको र यसमा हदबन्दी लगाउँदा व्यापारिक चक्र नै रोकिएको अध्यक्ष कुँवरको भनाइ छ । नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दिपककुमार मलहोत्राले घरजग्गा व्यवसाय रोकिँदा यससँग जोडिएका अन्य सयौं उद्योग पनि प्रभावित भएको बताउनुभयो । "घर निर्माणका लागि चाहिने डण्डी, सिमेन्ट, बालुवा, काठ, रङ उद्योगको खपत घटेको छ भने अदक्ष कामदारदेखि इन्जिनियरसम्मको रोजगारीमा प्रत्यक्ष असर परेको छ," उहाँले भन्नुभयो । वरिष्ठ उपाध्यक्ष मलहोत्राले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिएर घरजग्गामा लगानी गरेका व्यवसायीले जग्गा बिक्री गर्न नपाउँदा बैङ्कको ब्याज मात्र तिरिरहनुपर्ने बाध्यता सिर्जना भएको बताउनुभयो । नेपाल जग्गा तथा आवास विकास महासङ्घका अध्यक्ष विष्णुप्रसाद घिमिरेले सहरीकरणलाई व्यवस्थित बनाउन र ठूला सहरको विकासका लागि ३० रोपनीको हदबन्दी व्यावहारिक नभएको बताउनुभयो । यसलाई खुकुलो पार्न र व्यावसायिक प्रयोजनका लागि जग्गा खरिद-बिक्रीमा सहजीकरण गर्न उहाँले माग गर्नुभयो । उहाँले हदबन्दीको समस्या समाधान भएमा बैङ्क तथा वित्तीय संस्थाको कर्जा असुली हुने, नयाँ आयोजनाहरू सुरु हुने र देशको अर्थतन्त्र फेरि चलायमान हुने बताउनुभयो । 'सुरक्षित आवास, प्रत्येक नागरिकको अधिकार' नाराका साथ 'सिजी प्रोपर्टिज नवौं नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी-२०८३' आगामी असोज १ देखि ४ गतेसम्म हुने भएको छ । नेपाल जग्गा तथा आवास विकास सङ्घ, नेपाल जग्गा तथा आवास विकास महासङ्घको आयोजना र नेपाल चेम्बर अफ कमर्सको सहकार्यमा काठमाडौँको भृकुटी मण्डपमा उक्त प्रदर्शनी आयोजना हुन लागेको हो । विभिन्न स्थान तथा छिमेकी मुलुक भारतबाट समेत गरी १०० भन्दा बढी कक्ष रहने आयोजकले जनाएको छ ।

## विपद्को समयमा सम्पूर्ण देशवासीको साथ र सहयोग आवश्यक छः अध्यक्ष दाहाल

सिरहा । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशले विपद्को सामना गरिरहेको बेला सम्पूर्ण देशवासीको साथ र सहयोग आवश्यक रहेको बताउनुभएको छ ।

सिरहाको मिर्चैया नगरपालिका-५ स्थित मोहन नमूना माध्यमिक विद्यालयको नवनिर्मित भवन तथा विज्ञान प्रविधि प्रदर्शनी को उद्घाटन गर्दै अध्यक्ष दाहालले हालै रसुवाको भोटेकोशीमा गएको बाढीपछि देश सङ्कटमा परेको भन्दै सबैलाई साथ सहयोग गर्न अपिल गर्नुभयो । उहाँले भन्नुभयो, "पहाडमा सङ्कट परेको बेला मधेसले र मधेसमा विपद् परेको बेला पहाडले सहयोग गर्ने हाम्रो संस्कृति नै हो । तराई मधेसको सहयोग अतुलनीय छ । विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन कार्यक्रमा प्रतिनिधिसभा सदस्य तपेश्वर यादव, सिरहा जिल्ला समन्वय समितिका सभापति दिनेश महतो, मिर्चैया-७ फूलबरिया स्थित बाजु माविका प्रधानाध्यापक फुलगेन नायक, सगरमाथा बोर्डिङ स्कूलका संस्थापक प्रदीप तिवारी लगायतले शुभकामना मन्तव्य व्यक्त राख्नुभएको थियो ।

# अबको बजेटमा दलित अधिकार दशकका रूपमा विशेष कार्यक्रम ल्याइने

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले अब आउने बजेटमा 'दलित अधिकार दशक' का रूपमा विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता जनाउनुभएको छ।

धनगढीमा बिहीबार (हिजो) आयोजित सुदूरपश्चिम प्रदेश बादी उत्थान विकास समितिको दोस्रो सम्मेलनमा मुख्यमन्त्री भट्टले दलित समुदाय माथिको छुवाछूत अन्त्य गर्दै आर्थिक तथा सामाजिक जीवनमा परिवर्तन ल्याउने उद्देश्यले विशेष कार्यक्रम र योजना अघि बढाइने गरी तयारी भइरहेको बताउनुभएको हो।

मुख्यमन्त्री भट्टले दलित तथा बादी समुदायसहित गरिब, असहाय, महिला, बालबालिका, नवयुवा र सुकुम्वासी समुदायलाई केन्द्रमा राखेर बजेट तथा कार्यक्रम निर्माणको तयारी भइरहेको बताउनुभयो। उहाँले प्रदेश सरकारलाई गरिब, असहाय र 'भुइँमान्छे' को सरकारका रूपमा स्थापित गर्ने गरी सामाजिक न्याय र सुशासनलाई प्राथमिकतामा राखेर बजेट निर्माणको भइरहेको उल्लेख गर्नुभयो।

"प्रदेशको औचित्य पुष्टि हुने गरी बजेट निर्माण गरिरहेका छौँ। बादी समुदायलगायत भुइँमान्छेको पहिचान, आत्मसम्मान र अधिकार सुनिश्चित गर्नुपर्नेमा हामी सचेत छौँ। सामाजिक विभेद अन्त्य र सामाजिक न्यायका क्षेत्रमा विशेष योगदान पुग्ने गरी बजेट, नीति तथा कार्यक्रम बनाउँछौँ", मुख्यमन्त्री भट्टले भन्नुभयो। देशमा अझै पनि असमानता, विभेद र छुवाछूत कायम रहेकाले यसको अन्त्यका लागि राज्यले अझ धेरै काम गर्न बाँकी रहेको मुख्यमन्त्री भट्टले बताउनुभयो। दसवर्षे जनयुद्धले दलित तथा बादी समुदायमाथि हुने विभिन्न प्रकारका विभेद अन्त्य गर्न महत्वपूर्ण भूमिका खेलेको धारणा राख्दै उहाँले समानता, सामाजिक न्याय र सम्मानमा आधारित समाज निर्माणका लागि राज्यको भूमिका अझ प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो। मुख्यमन्त्री भट्टले बजेटमा 'दलित अधिकार दशक' का रूपमा विशेष कार्यक्रम ल्याउने बताउनुभएको छ।


# श्री शङ्खादेवी माध्यमिक विद्यालय

बेनीघाट रोराङ-९, मझिमटार, धादिङ

**खाद्यान्न आपूर्ति सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/२६

बागमती प्रदेश सरकारबाट यस विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न स्विकृति प्राप्त भएकोले हाल १०० जना विद्यार्थी २०८३ असार मसान्तसम्म आवासीय रुपमा राख्ने प्रयोजनका लागि आवश्यक पर्ने खाद्यान्न बागमती प्रदेश सरकारबाट संझौता भए बमोजिम विहान खाजा, विहान खाना,दिउँसो खाजा, बेलुकी खाना खुवाउन आवश्यक पर्ने निम्नानुसार खाद्यान्न तथा तरकारीको जिल्ला दररेट नबढ्ने गरी के कति दररेटमा दिन सक्ने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

| सि.न. | बोलपत्रको नाम | धरौटी | बोलपत्र दस्तुर |
|---|---|---|---|
| SDSS/Goods/01/083-084 | खाद्यान्न आपूर्ति | ७६,०००।- | १०००।- |

बोलपत्र सम्बन्धी विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ।
- बोलपत्र फाराम खरिद गर्नुपर्ने अन्तिम मिति र स्थान : २०८३/०६/०१ गते दिनको १२:०० बजे श्री शङ्खादेवी मा.वि. मझिमटार।
- बोलपत्र फाराम र धरौटीका लागि :
  **बैङ्कको नाम** : प्रभु बैङ्क शाखा, बेनिघाट
  **खाता नं.**: ०८३०११०१८४६०००११ मा जम्मा गरी भौचर बोलपत्र फाराम साथ पेश गर्ने।
- दर्ता अन्तिम मिति : २०८३/०६/०१ गते दिनको १:०० बजे।
- बोलपत्र खोल्ने मिति: २०८३/०६/०१ गते दिनको २:०० बजे।
- बोलपत्रको अवधि : ठेक्का संझौताको मितिदेखि २०८४ असार मसान्त सम्म।

| सि.नं | विवरण | किसिम,गुणस्तर | अनुमानित चाहिने परिणाम | एकाइ | दर रेट | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | चामल | जिरा मसिनो ए ग्रेड | ९००० | के.जी. | ८३ | ७४७००० |
| २. | दाल | रातो | ४५० | के.जी. | १६० | ७२००० |
| ३. | दाल | मासको | १०० | के.जी. | १९२ | १९२०० |
| ४. | नुन | | २०० | के.जी. | २७ | ५४०० |
| ५. | ह. तरकारी | फरक फरक किसिमको हुनुपर्ने (काउली,बन्दा,भेन्टे खुर्सानी, बोडी, घिउसिमी, ब्रोकाउली, साग,फर्सी, भेन्टा,करेला,भेन्डी,लौका, टाटे सिमी, मुला,गाजर आदि) | ६५०० | के.जी. | ८० | ५२०००० |
| ६. | आलु | रातो | ६५०० | के.जी. | ५० | ३२५००० |
| ७. | प्याज | | १००० | के.जी. | ७० | ७०००० |
| ८. | कुखुराको मासु | | ५०० | के.जी. | ४१० | २०५००० |
| ९. | अण्डा | | २००० | वटा | १८ | ३६००० |
| १०. | तेल (सूर्यमुखी) | | ८०० | लिटर. | २३३ | १८६४०० |
| ११. | चिनी | | ३०० | के.जी. | १०३ | ३०९०० |
| १२. | चियापति | | २० | के.जी. | ४९८ | ९९६० |
| १३. | विस्कुट ५० ग्राम | | २००० | वटा | २२ | ४४००० |
| १४. | ग्याँस | | २४० | वटा | २०६० | ४९४४०० |
| १५. | चना | | ३०० | के.जी. | १६० | ४८००० |
| १६. | पाउरोटी १५ खाले | | १८००० | वटा | १४ | २५२००० |
| १७. | सोयबिन तरकारी | | २०० | के.जी. | २३० | ४६००० |
| १८. | गोलभेडा | | २८०० | के.जी. | ८६ | २४०८०० |
| १९. | केराउ | | ३०० | के.जी. | १६४ | ४९२०० |
| २०. | बोडी | | ३०० | के.जी. | १६४ | ४९२०० |
| २१. | मसला(जिरा, धनिया | | ६० | के.जी. | ३४७ | २०८२० |
| २२. | लसुन | | २०० | के.जी. | ३०० | ६०००० |
| २३. | चिउरा | | ६०० | के.जी. | ९५ | ५७००० |
| २४ | भुजा | | ६०० | के.जी. | १५० | ९०००० |
| २५ | सुजी | | ५०० | के.जी. | १४० | ७०००० |
| २६ | कागती | | २५ | के.जी. | २२० | ५५०० |
| २७ | दही | | ४०० | लिटर. | १४९ | ५९६०० |
| २८ | साबुन life boy | | १०० | के.जी. | ४५ | ४५०० |
| २९ | रिच साबुन २० खाले | | ३०० | वटा | १८ | ५४०० |
| ३० | पास्ता | | ४०० | के.जी. | १३५ | ५४००० |
| ३१ | लुगा धुने साबुन ५० खाले | | २०० | वटा | ४० | ८००० |
| ३२ | बेसार | | २० | के.जी. | ५२५ | १०५०० |
| | | | | | | ३८९५७८० |

नोटः माथि उल्लेखित मूल्य, भ्याट लाग्ने वस्तुको हकमा भ्याट सहितको मूल्य भएको जानकारी गराइन्छ।
सम्पर्क नं.:९८४९१५६४९१, ९८४९२७१४८६


# विवरण संकलन गर्न समिति गठन

दाङ। लुम्बिनी प्रदेश सरकारले प्रदेश अन्तर्गत रहेका अधुरा तथा अपूरा आयोजनाको अध्ययन गरी विवरण सङ्कलन गर्न समिति गठन गरेको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्यालको संयोजकत्वमा अधुरा तथा अपूरा आयोजनाको अध्ययन तथा विवरण सङ्कलन समिति गठन गर्ने निर्णय गरेको हो। भौतिक पूर्वाधार विकासमन्त्री रत्नबहादुर खत्रीका अनुसार प्रदेशमा लामो समयदेखि निर्माण सम्पन्न हुन नसकेका तथा अपूरा अवस्थामा रहेका आयोजनाको वास्तविक अवस्था पहिचान गरी आवश्यक निर्णय लिन सहज हुने गरी अध्ययन र विवरण सङ्कलन गर्न समिति गठन गरिएको हो। समितिले दुई महिनाभित्र अध्ययन प्रतिवेदन पेस गर्नेगरी जिम्मेवारी तोकिएको छ।

बैठकले आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रजित थारूको संयोजकत्वमा प्रदेश राजस्व समन्वय समिति गठन गर्ने निर्णय पनि गरेको छ।

सो क्रममा प्रदेशको राजस्व सङ्कलनलाई प्रभावकारी बनाउँदै राजस्व प्रशासनमा समन्वय र सुधार ल्याउने उद्देश्यले समिति गठन गरिएको हो। समितिको कार्यसर्तसमेत तोकिएको छ। मन्त्रिपरिषद् बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा बजेट तथा कार्यक्रम समायोजन, रकमान्तर तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबिआइएस) अद्यावधिक गर्ने सम्बन्धमा पनि निर्णय गरेको छ। यस्तै, चालु आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिकका लागि अस्थायी सङ्गठन संरचना स्वीकृत गर्ने निर्णय गरिएको छ। समाहित तथा खारेजीमा परेका मन्त्रालयहरूको सम्पत्ति, दायित्व तथा जनशक्ति व्यवस्थापनसम्बन्धी प्रस्तावमा समेत बैठकले निर्णय गरेको छ। मन्त्रालय समायोजन तथा खारेजीपछि बाँकी रहेका सम्पत्ति, दायित्व र जनशक्तिको व्यवस्थापनलाई व्यवस्थित बनाउन सरकारले आवश्यक प्रक्रिया अघि बढाउने भएको हो।

# रोजगारमुखी र उद्यमशील नागरिक बनाउने शिक्षा आवश्यक

सुदूरपश्चिम। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जनका गर्दा विद्यालय शिक्षालाई रोजगारमुखी, प्रयोगात्मक र उद्यमशील नागरिक उत्पादन गर्ने शिक्षण सिकाइ केन्द्रित बनाउनुपर्नेमा जोड दिइएको छ।

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरले बिहीबार कैलालीको धनगढीमा आयोजना गरेको प्रदेशस्तरीय कार्यशालामा शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, नीतिनिर्माता र अन्य सरोकार भएकाहरूले शिक्षालाई श्रम, उत्पादन, रोजगारी तथा स्वरोजगारसँग जोड्नुपर्ने बताएका हुन्। पाठ्यक्रम, विषय छनोट, मूल्याङ्कन प्रणाली, शिक्षक तयारी तथा पाठ्यक्रममा सुधार गर्दै सूचना प्रविधि, श्रमबजारको मागअनुसार विषयवस्तु तथा सीप सिकाइउन्मुख ज्ञान, उद्यमशीलता, स्वरोजगार र मानवीय मूल्य बढाउने विषयलाई प्राथमिकता दिनुपर्ने सहभागीहरूको सुझाव थियो। नैतिक शिक्षा, कम्प्युटर सीप, प्रारम्भिक बाल-विकास तथा स्थानीय विषय लाई राष्ट्रिय पाठ्यक्रम संरचनामै समावेश गर्नुपर्ने सुझाव दिएका छन्। कार्यक्रममा सुदूरपश्चिम शिक्षा विकास निर्देशनालयका महानिर्देशक दुर्गादत्त विष्टले 'के पढ्नेभन्दा के गर्नसक्ने' विद्यार्थी तयार गर्ने भन्ने कोणबाट सोच्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले शिक्षा जीवन जीउने कला र गरिखाने सीपको आधार हुनुपर्नेमा त्यसो हुन नसकेको भन्दै अबको पाठ्यक्रम गरिखाने शिक्षा प्रवर्द्धन गर्ने हेतुले निर्माण गरिनुपर्नेमा जोड दिनुभयो।

"हाल कसले कति पढ्यो र कति अङ्क ल्यायो भनेर मात्रै सोच्ने गरिएको छ। त्यसले विद्यार्थीलाई उद्यमशील, सृजनशील, आत्मनिर्भर र मानवीय मूल्यमा प्रतिबद्ध निष्ठावान् नागरिक बनायो वा बनाएन भन्ने सोचिएन। त्यसैले विश्वविद्यालय शिक्षा पढेर पनि केही काम लागेन भन्ने भाष्य बनिरहेको छ",।

सो क्रममा महानिर्देशक विष्टले भन्नुभयो, "त्यसैले अबको पाठ्यक्रमले गरिखाने नागरिक बनाउनाका साथै सामाजिक र भावनात्मक पक्ष, नैतिक शिक्षा, परम्परागत उपयोगी मान्यताप्रति प्रतिबद्ध, सिकाइ, बुझाइ, व्यवहार र सीपमा सामञ्जस्यता कायम गर्न सक्नुपर्छ।" कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका सदस्य गङ्गादत्त जोशीले नैतिक शिक्षालाई अनिवार्य गर्ने, कक्षा ५ सम्म विद्यार्थीको रुचि बुझ्ने र त्यसपछि रुचि अनुसारको आवश्यकता सम्बोधन गर्ने शिक्षा प्रणाली विकासमा जोड दिनुपर्ने बताउनुभयो। उहाँले सरोकार भएकाहरुबाट आएका सुझाव सम्बोधन गर्दै युग सुहाउँदो पाठ्क्रम बनाउन सम्बद्ध अधिकारीलाई आग्रह गर्नुभयो।

# नेपाली टोलीलाई मन्त्री पोखरेलद्वारा बिदाइ

काठमाडौँ। शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले जापानमा हुने २०औँ एसियाली खेलकुदमा सहभागी हुन त्यसतर्फ जाने नेपाली खेलाडी, प्रशिक्षक तथा व्यवस्थापन टोलीलाई बिदाइ गर्नुभएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा उहाँले नेपाली टोलीलाई शुभकामना सहित बिदाइ गर्नुभएको हो।

बिदाइ कार्यक्रममा मन्त्री पोखरेलले अन्तरराष्ट्रिय प्रतियोगितामा देशको प्रतिनिधित्व गर्नु आफैँमा गौरवको विषय भएको बताउँदै खेलाडीलाई उच्च मनोबलका साथ प्रतिस्पर्धामा उत्रन आग्रह गर्नुभयो। उहाँले व्यक्तिगत प्रदर्शनसँगै राष्ट्रको प्रतिष्ठा र गौरवलाई ध्यानमा राखेर खेल्न खेलाडीलाई सुझाव दिनुभयो।

"देशको प्रतिनिधित्व गरेर जान लाग्नुभएको छ। सीमित स्रोतसाधनका बाबजुद मेहनत गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु", मन्त्री पोखरेलले भन्नुभयो, "प्रतियोगितामा सहभागी हुनु जित्नकै लागि हो। तर जिते पनि नजिते पनि खेलाडीको सम्मान राज्यका तर्फबाट घट्ने छैन। अहिले जसरी बिदाइ गरिएको छ, भोलि जितेर आए पनि हारेर आए पनि त्यति नै सम्मानका साथ स्वागत गर्नेछौँ।"

उहाँले नेपाली खेलाडीमा पर्याप्त प्रतिभा र क्षमता रहेको उल्लेख गर्दै अन्तरराष्ट्रियस्तरमा राम्रो नतिजा हासिल गर्न सरकारबाट आवश्यक सहयोग र सहजीकरण गरिने बताउनुभयो। खेलाडीको क्षमता विकास, प्रशिक्षण, खेल पूर्वाधार तथा खेल क्षेत्रको समग्र विकासलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ।

जापानमा आगामी असोज ३ देखि १८ गतेसम्म आयोजना हुने २०औँ एसियाली खेलकुदमा नेपालबाट २११ सदस्यीय टोली सहभागी हुँदैछ। टोलीमा २१ खेलका १३५ खेलाडी रहेका छन्। तीमध्ये ५७ महिला र ७८ पुरुष खेलाडी छन्। टोलीमा २९ प्रशिक्षक, १७ व्यवस्थापक तथा खेल प्राविधिक, मेडिकल टिमका छ सदस्य, चार पत्रकार तथा विशिष्ट अतिथि, सेभ द मिसन, डेपुटी सेभ द मिसन र अन्य अधिकारीसमेत सहभागी हुनेछन्।

नेपालले सन् १९५१ मा भारतमा भएको पहिलो एसियाली खेलकुददेखि सहभागिता जनाउँदै आएको छ। पहिलो संस्करणमा एथलेटिक्सतर्फ मात्र नौ सदस्यीय टोली सहभागी भएको नेपालले यसपटक २१ खेलमा प्रतिस्पर्धा गर्नेछ। नेपालले एसियाली खेलकुदमा पहिलो पदक सन् १९८६ मा दक्षिण कोरियाको सोलमा भएको १०औँ संस्करणमा जितेको थियो। त्यसयता नेपाल एसियाली खेलकुदबाट पदकविहीन भएर फर्किएको छैन।

वैदेशिक प्रशिक्षण तथा अन्तरराष्ट्रिय एक्सपोजरको व्यवस्था गर्दै आएको जनाएको छ। विदेशमा प्रशिक्षणरत केही खेलाडी त्यहीँबाट जापान पुग्नेछन्। नेपालमा रहेका खेलाडीलाई विदेशी प्रशिक्षकमार्फत प्रशिक्षण दिइएको छ। तीन वर्षदेखि विशेष प्रशिक्षणमा रहेका खेलाडीलाई पछिल्लो दुई महिनादेखि बन्द प्रशिक्षणमा राखेर उच्चस्तरीय तयारी गराइएको जनाइएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com